# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।०५।१७ गते

## प्रेस विज्ञप्ति

**विषय: आरोप-पत्र दायर गरिएको ।**

-----------------------------------------------

राष्ट्रिय बाणिज्य बैङ्क, इनरूवामा वरिष्ठ सहायक पदमा कार्यरत मणिप्रसाद निरौलाले नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी पदमा बहाल रहेकोले छानबिन गरी आवश्यक कारवाही गरिपाउँ भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निजले भारत संस्कृत शिक्षा बोर्ड, पटनाबाट प्राप्त गरेको मध्यमा तहको नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी बढुवा भइ वरिष्ठ सहायक पदमा बहाल रही लाभ लिएको देखिन आएकोले निजको उक्त कार्य साविक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर भएको देखिन आएकोले निजलाई साविक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९(२) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता